
# हरिपुर्वा नगरपालिकाको
# समावेशी शिक्षा नीति तथा निर्देशिका

## Haripurwa Municipality Inclusive Education Policies and Guidelines



हरिपुर्वा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हरिपुर्वा,सर्लाही
प्रदेश नम्बर २
२०७७

# विषयसूची


१ पृष्टभूमि ..... १
२ विगतका प्रयास ..... २
३ वर्तमान अवस्था ..... ३
४ समस्या तथा चुनौती ..... ३
५ समावेशी शिक्षा नीतिको आवश्यकताः ..... ५
६ दूरदृष्टि ..... ६
७ लक्ष्य ..... ६
८ उद्देश्य ..... ६
९ रणनीति ..... ७
१० नीति तथा कार्यक्रमः ..... ८
११ नीति कार्यान्वयनको जिम्मेवारी ..... १३
१२ संस्थागत व्यवस्था ..... १४
१३ कानुनी व्यवाःथा ..... १४
१४ अनुगमन तथा मूल्याङ्कन ..... १४

## १ पृष्टभूमि

नेपालको संविधान २०७२ जारी भएपछि नेपाल तीन तहको सरकारसहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रूपमा पुनरसंरना हुन पुग्यो । साझा तथा एकल अधिकारको सूचीमार्फत संविधानले विभिन्न अधिकारकासाथ स्थानीय तहलाई माध्यमिक तहको शिक्षाको जिम्मेवारी दिएको छ । स्थानीय विकासका निम्ति शिक्षा प्रमुख पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । स्थानीय तहहरूमार्फत राष्ट्रको समृद्धिका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय लक्ष्यलाई साकार पार्न आवश्यक जनशक्ति उत्पादनमा स्थानीय तहबाटै योगदान दिनुपर्ने आवश्यकता छ ।

लोकतन्तत्रको स्थापनासँगै संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मार्फत नेपालले समावेशी नीति अवलम्बन गर्दै आएको छ । जसअनुसार हरेक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी अधिकारहरूको व्यवस्था गरेको छ । संविधान र स्थानीय सरसकार सञ्चालन ऐनले व्यवस्था गरेको यो प्रावधानलाई कार्यान्वयन गर्नु स्थानीय सरकारहरूको दायित्व हुन आएको छ ।

अर्को तर्फ मानव विकासलाई व्यवस्थित गर्न विश्वका मुलुकहरूले समर्थन गरेको दिगो विकास लक्ष्यको लक्ष्य ४ मा समावेशी र समतामूलक शिक्षालाई कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ । यी दायित्व परिपालनालाई निर्देशित गर्न संघीय सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरेको छ जसले स्थानीयहरूले पनि स्थानीय समावेशी तथा समतामूलक शिक्षा नीतिलाई अवलम्बन गर्नुपर्ने कुरा उल्लेख छ ।

यसै सन्दर्भमा, नेपालको संविधान २०७२ धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८

र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२ ज) अनुसार आधार भूत र माध्मिक शिक्षा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले यो हरिपुर्वा नगरपालिकाको समावेशी शिक्षा नीति, २०७७ जारी गरिएको छ ।

## २. वगितका प्रयास

नेपाल संघीयतामा जानुपूर्व र स्थानीय सरकार ऐन, २०७४ जारी हुनुभन्दा अघि नेपालको समावेशी शिक्षा नीति जारी भई  सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, जस्ता कार्यक्रमहरू स्थानीय स्तरदेखि नै सञ्चालन गरिएका थिए । सवैका लागि शिक्षा नीतिअन्तर्गत साक्षरता अभियान, निःशुल्क शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापनमा सुधार, पाठ्यक्रममा सुधार, शिक्षामा समावेशिता, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा जस्ता कार्यक्रमहरूमार्फत शिक्षा क्षेत्रको विकासका लागि नीतिगत एवं संस्थागत प्रयास भएका थिए । त्यसैगरी शिक्षाका उपक्षेत्रगत नीतिहरू जस्तैः अनौपचारिक शिक्षा नीति, विशेष शिक्षा नीति, उच्च शिक्षा नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा नीति, शैक्षिक जनशक्ति विकास सम्बन्धीनीतितर्जुमागरीकार्यान्वयनमा ल्याइयो।यिनै कार्यक्रमहरूसञ्चालनभइरहेकोबेलाहरिपुर्वा नगरपालिकामा देहायका कार्यहरू भएका छन् ।

**शिक्षाको गुणस्तर सुधारका लागि यस पालिकाको विगतका प्रयासहरू**

- प्राविधिक विद्यालय संचालनमा रहेको,
- विद्यालयहरूको भौतिक संचरना निर्माण कार्य हुदै आएको,
- विद्यालयमा आवश्यकतानुसार सौर्य बत्तीको व्यवस्था रहेको,
- विद्यालयमा शैक्षिक सामाग्री वितरण गरिदै आएको,
- विद्यालयमा विद्यार्थी टिकाउनका लागि सभा गोष्ठी संचालन र पुरस्कार वितरण हुँदै आएको,
- विद्यालयहरू शान्ति क्षेत्र घोषणा गर्ने प्रयास भएको,
- विद्यार्थीको सिकाइस्तर वृद्धि गर्न निशुल्क कोचिङको व्यवस्था गरिएको,
- सिकाइ परियोजनाको सहयोगमा विद्यालयकाबालबालिका सिकाई स्तर वृद्धिका लागि शैक्षिक सामग्री वितरण,

- विद्यालयमा छात्राको उपस्थिति बढाउन नगरपालिका र प्रदेश सरकारको समन्वयमा छात्राहरूलाई साइकल वितरण गरिएको,
- विद्यालयमा शिक्षक विद्यार्थीको उपस्थितिलाई प्रभावकारी बनाउन अनुगमन गर्ने गरिएको,
- शिक्षकको कक्षा शिक्षणको अवलोकन गरी निरीक्षण फाराम भरी सुधारका लागि थप सहयोग गरेको,
- विद्यालयको भौतिक अवस्था सुधारकालागि अवलोकन गरी नगरपालिकामा प्रतिवेदन पेस गरेको,
- विद्यालयको समस्या अध्ययन गरी सुधारका लागि नगरपालिकामा जानकारी गराएको ।
- सम्पुर्ण आधारभुत विद्यालयमा दिवा खाजाको व्यवस्था गरेको

## ३ वर्तमान अवस्था

हरिपुर्वा नगरपालिका प्रदेश नं. २ अन्तर्गत सर्लाही जिल्लाका ११ वटा नगरपालिकामध्ये एक हो । यहाँ जम्मा २० वटा स्थानीय तह छन् । यो नगरपालिका जिल्लाको पूर्वमा अवस्थित छ भने यसको पूर्वमा महोत्तरी जिल्ला, पश्चिममा ब्रह्मपुरी गाउँपालिका, उत्तरमा ईश्वरपुर नगरपालिका र दक्षिणमा पर्सा गाउँपालिकाअवस्थित छ । यस नगरपालिकामा ९ वटा वडा र ७ वटा टोल छन् । यहाँको कुल जनसंख्या ४३२८७मध्ये २२६३० पुरुष र २०६५७ महिला छन् । यहाँ ६१२९ घरधुरी छन् लगभग ७० प्रतिशत साक्षर रहेको यस न.पा.मा दलित (.......... प्रतिशत), जनजाति (.......... प्रतिशत) र मुस्लिम (.......... प्रतिशत) छन्। तुलनात्मक रूपमा यी समुदायको शिक्षामा पहुँच न्यून रहछेको पाइन्छ। यहाँ रहेका १६ वटा विद्यालयमध्ये ४ वटा माध्यमिक विद्यालय (२ वटा १० कक्षासम्म र २ वटा कक्षा ८ सम्म) र १२ वटा आधारभूत विद्यालय रहेका छन् । त्यसैगरी व्यावसायिक तथा प्राविधिक शिक्षातर्फको एउटा सिभिल इन्जिनियरिङ्ग कक्षा सञ्चालनमा रहेकोछ । यसका साथै ५ वटा धार्मिक विद्यालय (मदरसा) र ४ वटा निजी विद्यालयबाट समेत शैक्षिक सेवा प्रबाह भैरहेकोछ ।

## ४ समस्या तथा चुनौती

### मुख्य समस्या

शैक्षिक क्षेत्रमा समान पहुँच नहुनुका साथै गुणस्तरीय तथा जीवनोपयागी शिक्षाको कमी हुनु यस नगरपालिकाको शिक्षा क्षेत्रको प्रमुख समस्या रहेको छ ।

यसका सहायक समस्याहरू देहायबमोजिम छन् ।

- भौतिक संरचना छात्रामैत्री, बालमैत्री तथा अपाङ्गमैत्री नभएको,
- विद्यालयको वातारण अपाङ्गमैत्री नहुनु (स्वागतयोग्य बातावरण), साथै अपांगता भएका विद्यार्थीहरुलाई निशुल्क शिक्षाको प्रवधन नहुनु,

- विद्यालयहरूमा पुस्तकालयहरू (IT Based) पढाई कुना नभएको,
- समतामूलक शिक्षाको अवसर (दलित, मुस्लिम र पिछडिएका समुदायका बालबालिका विद्यालय जाने प्रचलन) को कमी,
- पालिका भित्र विद्यालय जाने उमेर समुहका बालबालिकाहरु विद्यालय भन्दा बाहिर हुनु
- धार्मिक (मदरसा लगायतका विद्यालयहरु पालिकाको शैक्षिक योजनामा नपर्नु,
- नेपाल सरकारमा दर्ता गरिएका यस्ता धार्मिक विद्यालयमा नेपाल सरकारको लागु गर्नु पर्ने मुख्य पाठ्यक्रम लागु नहुनु जसको कारण मुस्लिम बालबालिकाहरु शिक्षाको पहुचमा अत्यन्त कम हुनु
- धार्मिक विद्यालयलाई दिइने सुविधाहरु, छात्रवृति, दिवाखाजा, निशुल्क पाठ् यपुस्तक वितरणमा पालिकाको ध्यान नपर्नु ।
- बालविकास केन्द्रहरू प्राथमिकतामा नपर्नु, बालविकास केन्द्रमा विद्यार्थी अनुरुप सहजकर्ताहरुको दरबन्दी नदिनु
- विद्यार्थी संख्याअनुसार शिक्षक दरबन्दीमा कमी, (विषयगत शिक्षकको कमी)
- विद्यालयमा विद्यार्थीहरुको भर्नाको तुलनामा अत्यन्त न्युन नियमित उपस्थिति,
- विद्यालयमा आएका विद्यार्थी पूरै समय विद्यालयमा नबस्ने (टिफिन टाइमभन्दा पछाडि विद्यार्थी विद्यालयमा नबस्नु),
- प्रभावकारी सिकाइको अभ्यास नरहेको (पाठयोजना, शिक्षण सामग्री र मातृभाषाको प्रयोगमा कमी)
- सबै विद्यालयमा खानेपानी तथा सरसफाई सुविधामा कमी साथै छात्रामैत्रशौ चालय व्यवस्थापनमा कमी,
- विद्यालयहरू सृजनात्मक अतिरिक्त क्रियाकलापको कमजोर व्यवस्था हुनु,
- शिक्षक आफ्नो पेसाप्रति इमानदार र समर्पित हुन नसकिरहेको (विद्यालयमा समयमा उपस्थित नहुनु तथा उपस्थित शिक्षकले मिहिनेतका साथ पठनपाठन नगराउनु, आफ्नो घन्टीमा समयमा कक्षाकोठामा नजानु, गए पनि कक्षाकोठामा

पुरा समय नबस्नु

- विद्यालयमा प्रशासनिक क्षमतामा कौशलता कम हुनुको कारण विद्यालय प्रशासन फितलो हुनु
- विद्यालय समयभर (१० देखि ४ बजेसम्म) संचालन हुन नसकेको
- समुदायमा स्थानिय मेला, पर्व, भोजभतेर आदि विद्यालय बन्द हुनु अथवा शिक्षक विद्यार्थीको उपस्थिति अत्यन्य न्युन हुनु
- शैक्षिक बिकासमा नगरपालिकाले योजनाबद्धरूपमा कामको सुरुवात गरि नसकेको अवस्था,
- गुणस्तरीय शिक्षाको लागि विद्यार्थी र शिक्षकहरूमा उत्प्रेरणामूलक कार्यक्रमको कमी,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकिरहेको र गठन भएको पनि सकिय रुपमा कामहरु नगरेके र बढी राजनिति हावी हुनु,
- शिक्षक, विद्यार्थी र अभिभावकबीच समन्वयको वातावरण नहुनु,
- शिक्षकहरूलाई पेसागत र विषयगत तालिमको व्यवस्था नहुनु,
- संघीय नीति तथा ऐन लागु गरे नगरेको मूल्याङ्कन अनुगमन नहुनु,
- राज्यले विद्यालयलाई दिने अनुदान समयमा नै प्राप्त नहुनु,
- विद्यालय शिक्षाको पाठ्यक्रम जीवनोपयोगी नहुनु,
- विद्यालयहरू शान्ति क्षेत्रको रूपमा स्थापित हुन नसक्नु (विद्यालयमा बाह्य आक्रमण तथा बढी राजनीति हुनु),
- विद्यालयका शिक्षक, वि. व्य. स. र विद्यार्थीलाई जिम्मेवार आचारसंहिता बनाएर जिम्मेवार बनाउन नसक्नु
- सामाजिक क्रियाकलाप तथ्या सार्वजनिक कार्यक्रमहरू विद्यालय भवन वा खेलमैदानमा गर्नाले विद्यालयको शैक्षिक वातावरण प्रभावित हुनु,
- शैक्षिक क्यालेन्डरसहित नगरपालिकाले नियमनकारी भूमिका निर्बाह गर्न नसक्नु

## ५ समावेशी शिक्षा नीतिको आवश्यकता:

नेपालको संविधान २०७२ जारी भएसंगै नेपाल तीन तहका सरकारहरूको व्यवस्थासँगै संघीय लोकतान्त्रिक राज्य प्रणालीमा प्रवेश गरेको छ। त्यससंगै संविधानमा जनताका अधिकारहरूको परिभाषा र व्यवस्थाहरूमा परिवर्तन भएको छ। संविधानले तीन तहको सरकारमध्ये स्थानीय तहको सरकारलाई माध्यमिक तह (१२ कक्षा) सम्मको शिक्षालाई व्यवस्थापन तथा प्रवर्द्धन गर्ने जिम्मेवारी दिएको छ। संविधानमा व्यवस्था भएका

शिक्षासम्बन्धी जनताको मौलिक हक, मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई पूरा गर्नु स्थानीयस्तरबाट नै सुरु हुन अनिवार्य छ। आधारभूत शिक्षा सबैखाले शिक्षाको सुरुवाती तह भएको र आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने भएकाले माथि उल्लिखित लक्ष्यहरू प्राप्त गर्न र शिक्षालाई नगरपालिकास्तरबाटै व्यवस्थित गर्न यो समावेशी शिक्षा नीति लागु हुन वाञ्छनीय देखिएको छ।

## ६ दूरदृष्टि

“शिक्षित,सभ्य र सक्षम जनशक्तिको विकास !समृद्ध हरिपुर्वा नगरपालिकाको निकास !!

## ७ लक्ष्य

समतामूलक, समावेशी, बालमैत्री र सुरक्षित शिक्षाका माध्यमबाट, व्यावसायिक र जीवन उपयोगी शिक्षा दिई आर्थिक समृद्धि हासिल गर्दै सक्षम र सभ्य समाजको निर्माण गर्ने।

## ८ उद्देश्य

८.१ आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा र शिक्षण पद्धतिलाई प्रभावकारी र व्यवस्थित बनाउनु,

८.२ सबै जाति, धर्म, भाषा, लिङ्ग र आर्थिक स्तरका बालबालिकाहरूको शिक्षासम्मको पहुँचलाई सुनिश्चित गर्नु,

८.३ सबै प्रकारका बालबालिकालाई विद्यालयको पहुँचमा पुऱ्याउनु

८.४ नगरमा योग्य, सक्षम, प्रतिस्पर्धी नागरिकको विकास गर्नु,

८.५ शिक्षालाई व्यावसायिक, रोजगारीमूलक र जीवनोपयोगी बनाउनु,

८.६ साक्षर नगरपालिका बनाई अनौपचारिक, वैकल्पिक, धार्मिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु,

८.७ हरिपुर्वा नगरपालिकालाई पूर्ण साक्षर बनाउनु

८.८ सामुदायिक तथा धार्मिकविद्यालयहरूको सबै खाले भौतिक पूर्वाधार र संरचनाहरूलाई व्यवस्थित गर्नु

८.९ सामुदायिक, संस्थागत र धार्मिक शिक्षण संस्थाहरूलाई व्यवस्थित तथा प्रभावकारी बनाउनु

८.१०शैक्षिक लगानीलाई व्यवस्थित र नतिजामुखी बनाउनु

## ९ रणनीति

९.१ आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षामा महिला, दलित, मुस्लिम पिछडाबर्ग, अपाङ्गता भएका बालबालिकाहरूको पहुँचलाई सुनिश्चित गर्ने ।

९.२ विद्यालयहरूलाई जीवनोपयोगी सिकाइको केन्द्रको रूपमा बिकास गर्ने

९.३ महिला शिक्षक (विद्यालय व्यवस्थापन, शिक्षण र अध्ययन) सहभागितालाई प्रभावकारी बनाउने

९.४. प्राविधिक तथा जीवनोपयोगी शिक्षाको प्रवर्द्धन गर्ने

९.५ सबै शैक्षिक संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधारमा सुधार ल्याउने

९.६ शिक्षकहरूको पेशागत क्षमता बिकास गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने,

९.७. विद्यालयबाट बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा पुऱ्याउन

९.८ धार्मिक विद्यालयहरुलाई पनि पालिकाको संरचनामा ल्याई अन्य सामुदायिक विद्यालय सरह सुविधा प्रदान गरी शिक्षाको मुल धारमा ल्याउने

९.९. शिक्षाको राष्ट्रिय तहगत र कक्षागत उद्देश्य पूरा गर्ने

९.१०. बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नसबै विद्यालयमा सुशासन कायम गर्ने

९.११. स्थानीय स्रोत तथा साधनको पहिचान गरी त्यसको सही सदुपयोग गर्ने

९.१२. शिक्षासँग सरोकार राख्ने सबैनिकायलाई जिम्मेवार,उत्तरदायी बनाउन र आफ्नो काम, कर्तब्य बोध गराउने

९.१ थानीय स्तरमा रहेका जनशक्तिलाई रोजगारी सिर्जना गर्ने

११. शिक्षामा गुणस्तर कायम गर्ने

१२. विद्यालयमा देखिएका भौतिक, सामाजिक, प्राकृतिक समस्याहरू सम्बोधन गर्ने

१३. बालबालिकाको सिकाइ सुनिश्चित गर्न मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउने

१४. हाम्रालाई भन्दा राम्रालाई प्रोत्साहन  गर्ने

## १० नीति तथा कार्यक्रम:

यस समावेशी शैक्षिक नीतिको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ। यस दस्तावेजमा रहेका रणनीति, कार्यनीतिको आधारमा नगरपालिकाले आफ्नोवार्षिक बजेटमा उपयुक्त कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

### १०.१ समावेशी शिक्षा प्रवर्द्धन

१०.१.१विभिन्न आकर्षक कार्यक्रमका साथ दलित, मुस्लिम, पिछडावर्ग, निम्न वर्गीय परिवार तथा अपाङ्गता भएका बालबालिकाहरू रहेका परिवारमा विद्यालय विशेष भर्ना कार्यक्रम सञ्चालन गरिने छ।

१०.१.२ अपांगता भएका व्यक्ति तथा बालबालिकाहरूका लागि विशेष शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छ,जसअन्तर्गत:

- आवश्यकताका आधारमा विशेष तथा स्रोतकक्षा स्थापनागरिने छ।
- अपांगता भएका बालबालिकाहरुलाई निशुल्क शिक्षा प्रदान गरिने छ।
- बालबालिका भर्नाको समयमा स्क्रिनिङ्ग गर्ने र आवश्यकताअनुसार सहायक सामग्रीहरूको पनि व्यवस्था गरिने छ।
- अपांगता भएका बालबालिकाहरु साथै सिकाईमा कठिनाई भएका बालबालिकाको अवस्था हेरेर प्रत्येक बालबलिकाको व्यक्तिगत शैक्षणिक योजना  बनाउन जोड दिइने छ।
- गम्भीर प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि दिवा हेरचाह केन्द्रको व्यवस्था गरिने छ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमा आधारित तथा व्यावसायिक शिक्षा प्रवर्द्धनका लागि जोड दिइने छ।

१०.१.३ महिला शिक्षालाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँग समन्वय गरी “बेटी बचाऊ, बेटी पढाऊ” जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१०.१.४ छात्राहरूको टिकाउदर बढाउन महिला स्वास्थ्यसँग सम्बन्धित स्यानिटेरी

प्याड वितरण,शौचालयमा पानीको अनिवार्य व्यवस्थाा, स्यानिटेरी प्याडको उचित व्यवस्थापन जस्ता कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।

१०.१.५ मुस्लिम बालबालिकाहरुको शिक्षामा पहुच बढाउनको लागि धार्मिक (मदरसा) विद्यालयहरुले पाउनुपर्ने सेवा सुविधाको सुनिश्चित गरि अनिवार्य नेपाल सरकारले तोकेको मुख्य पाठ्यकम लागु गरिने छ।

१०.१.६ धार्मिक विद्यालयहरुहरुको भौतिक संरचना तथा पुर्वाधार विकास, व्यवस्थापन क्षमता अभिबृदि, विद्यार्थी भर्ना, दिवा खाजा जस्ता कार्यकमलाई पालिकाले विशेष प्राथमिकताका साथ संचालन गरिने छ ।

## १०.२ आधारभूत शिक्षा प्रवर्द्धन

१०.२.१ आधारभूत शिक्षाको आधारमजबुत तथा बलियो बनाउन पूर्वप्राथमिक शिक्षा तथा राष्ट्रिय पढाई कार्यक्रमलाई टोलटोलमा अभियानको रूपमा सञ्चालन गरिनेछ ।

१०.२.२ धार्मिक -मदरसा) तथा निजी विद्यालयमा समेत सामुदायिक विद्यालयको पाठ्यक्रम लागु गरी आधारभूत शिक्षामा एकरूपता कायम गरिने छ ।

१०.२.३ आधारभूत तहबाट नै सूचना प्रविधिको प्रयोग गरी शिक्षालाई जीवनोपयोगी बनाउन ध्यान दिइनेछ ।

१०.२.४ प्रयोगात्मक शिक्षालाई प्रवर्द्धन गर्न आधारभूत विद्यालयहरूमा समेत प्रयोगशाला र यसकालागि आवश्यक सामग्रीको व्यवस्था मिलाइने छ ।

१०.२.५ विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरूलाई समावेशी, प्रतिस्पर्धात्मक र नियमित गराउँदै लगिने छ ।

१०. आधारभूत तहका विद्यालयहरुलाई शैक्षिक समाग्रीहरु प्रदान गरी तथा तालिमहरुको प्रबर्द्धन गरी कक्षाकोठालाई छापामय बनाइने छ।

१० बालबिकास केन्द्रहरुलाई विद्यालयहरुमा मात्र आधारित नभएर समुदाय स्तरमा पनि स्थापना गराइने छ र शैक्षिक तथा खेल समाग्रीहरुको साथै तालिमको व्यवस्था गरिनेछ।

१० विद्यार्थीको विद्यालयमा टिकाउ दर बढाउनको लागि आधाभूत तहमा स्थानिय पाठ्यकम लागु गरी मातृभाषामा शिक्षण सिकाई कार्यकम संचालन गरिनेछ ।

१०। बालबालिकाहरुको पढाई सिपका साथै पढने बानी विकास गर्नको लागि

प्रत्येक विद्यालयमा पुस्तकालय र कक्षा १ देखि ३ सम्मका कक्षाकोठामा अनिवार्य पढाई कुनाको व्यवस्था गरिनेछ ।

१० विद्यार्थीहरुको शैक्षिक गतिविधिहरुलाई प्रोत्सहान गर्न र अभिभावकहरुलाई आफ्नाबालबालिकाहरुको शैक्षिक कृयाकलापहरुलाई प्रत्यक्षरुपमा संलग्न गर्न, अनुगमन गर्न, स्थानिय समाग्रीहरुको प्रवद्धन गर्नको लागि विद्यालय स्तरीय शैक्षिक मेलाहरुको आयोजना गरिने छ ।

१० विद्यार्थीहरुलाई शैक्षिक कृयाकालपका साथै अतिरिक्त कृयाकलापहरुमा संलग्न गर्नको लागि शिक्षा सम्बन्धी दिवसहरुमा विभिन्न कृयाकलापहरु आयोजना गर्नको लागि विद्यालयहरुलाई प्रोत्सहान गरिने छ ।

१० प्रारिम्भक तहका विद्यार्थीहरुको निरन्तर मुल्याङ्गनलाई विशेष जोड दिइने छ ।

## १०.३ माध्यमिक शिक्षा प्रवर्द्धन

१०.३.१ माध्यमिक तहको शिक्षालाई व्यावसायिक बनाउन स्थानीयस्तरमा नयाँ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.३.२ कक्षा ११ र १२ मा प्राविधिक धारका विषयहरू समावेश गरिने छ ।

१०.३.३ माध्यमिक तहका विद्यालयहरूमा सूचना प्रविधिमा आधारित ईलाइब्रेरी स्थापना र सञ्चालन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

## १०.४ प्राविधिक तथा जीवनोपयोगी शिक्षा प्रवर्द्धन

१०.४.१नगरपालिकाभित्र सञ्चालनमा रहेकोप्राविधिक विद्यालयलाई अफ्न व्यवस्थित गरिने छ।

१०.४.१स्थानीयकृषि तथा तरकारी खेतीलाई व्यवसायीकरण गर्न प्राविधिक शिक्षालयमा नयाँ पाठ्यक्रम लागु गरिनेछ ।

## १०.५ शैक्षिक पूर्वाधार व्यवस्थापन

१०.५.१ आवश्यकताअनुसार विद्यालयहरूमा नयाँ पहुँचयुक्त भवन, कक्षाकोठा थप, पुस्तकालय, सूचना प्रविधिका कक्षाहरू थप गर्दै लगिनेछ ।

१०.५.२ विद्यालयहरूको वातावरण राम्रो राख्न विद्यालयहरूमा पहुँचयुक्त

खानेपानी, तथा छात्रा तथा अपांगमैत्री शौचालयहरू क्रमशः स्थापना तथा व्यवस्थापन गर्दै लगिनेछ ।

१०.५.३ विद्यालयहरूको अनुगमन गर्न सिसि क्यामेरा जस्ता नयाँ प्रविधिको विकास गरिने छ भने सूचना प्रविधिको विकास गर्न हरेक विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना गरिनेछ ।

१०.५.४ शिक्षण विधिलाई प्रभावकारी बनाउन विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालयलगायत अन्य शैक्षिक सामग्रीहरूको व्यवस्था मिलाउँदै लगिने छ ।

१०.५.५ विद्यार्थीहरूको शारीरिक स्वास्थ्यमा सुधार गर्न विद्यालयहरूमा सबैखाले विद्यार्थीहरूको पहुँच हुने खालको खेलकुद मैदानहरूको निर्माण गर्दै लगिने छ ।

१०.५.६ बालविकास केन्द्रकालागि आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनमा जोड दिइने छ ।

**१०.६ मानवीय संसाधनको व्यवस्थापन**

१०.६.१ विद्यार्थी संख्याको आधारमा शिक्षक अनुपात मिलाउन शिक्षक दरबन्दी सृजना गर्दै लगिनेछ ।

१०.६.२ विषयगत तथा पेसागत  विकास सम्बन्धी तालिमको व्यवस्था गरी शिक्षकहरूलाई आफ्नो पेसाप्रति समर्पित र जिम्मेवार बनाउँदै लगिनेछ ।

१०.६.३ पूर्व बालविकास केन्द्रका  सहजकर्ताहरूको क्षमता विकासशैक्षिक समाग्री निर्माण, अभिभावक शिक्षाकार्यक्रमहरू, प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

शिक्षकहरूलाई विषयगत र नयाँ प्रविधिसम्बन्धी तालिमको व्यवस्था गरी समयसापेक्ष अध्यापन गराउन सक्षम बनाइनेछ । शिक्षक तालिममा अपाङ्गता समावेशीतातथा बालमैत्री शिक्षण सिकाइहरु जस्ता विषयवस्तुहरू पनि समावेश गर्ने व्यवस्था मिलाइने छ ।

१०.६.४ शिक्षकहरूलाई आफ्नो पेसाप्रति जिम्मेवार बनाउन पुरस्कारतथा दण्डको व्यवस्था मिलाइने छ ।

१०.६.५ विद्यालय प्रधानाध्यापकको प्रशासनिक क्षमतामा सुधार ल्याउन तालिमको व्यवस्था गरिने छ, साथै तालिमपछि पनि सुधार नदेखिएमा प्रतिस्पर्धात्मक

विधिबाट नयाँ प्र अ नियुक्त गर्ने नीति अवलम्बन गरिने छ।

१०.६.५ शिक्षा इकाई शाखा प्रमुख तथा पालिका प्रमुख, उपप्रमुख लगायतका जनप्रतिनिधिहरुबाट विद्यालयहरुको शैक्षिक गतिविधिहरुलाई अनुगनम र मुल्याङ्गन गरी **on-the spot** (ठाँउको ठाँउ) पृष्ठपोष्ण दिने कृयाकलापहरु निरन्तरता दिइनेछ।

१०. मासिक रुपमा प्र.अ.हरुको बैठकलाई आगामी दिनहरुमा निरन्तरता दिइने छ। कुनै विद्यालयमा गरिएको राम्रा कृयाकलापहरुको आदन प्रदान गरिनेछ।

## १०.७ शैक्षिक वातावरण व्यवस्थापन

१०.७.१ नगर उप्रमुखको नेतृत्वमा कार्यविधि बनाई शैक्षिक प्रगतिको अनुगमनलाई प्रभावकारी बनाइने छ।

१०.७.२ अनुगमन प्रतिवेदनलाई नगर कार्यपालिका र नगरसभामा प्रस्तुत गर्ने व्यवास्था मिलाइने छ।

१०.७.३ विद्यालयको शैक्षिक वातावरणलाई स्वच्छ र प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी र अभिभावकबीच समन्वय तथा छलफलका कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।

१०.७.४ बाह्य हस्तक्षेप र राजनीतिक प्रभाव कम गर्न विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने कार्यलाई अभियानकारूपमा अघि बढाइने छ।

१०.७.५ विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीलाई जिम्मेवार बनाउन आचारसंहिता बनाएर लागु गरिने छ।

१०.७.६ सार्वजनिक कार्यक्रम, राजनीतिक सभा र विबाह, व्रतबन्ध जस्ता साामाजिक क्रियाकलापहरू विद्यालय परिसरमा सञ्चालन गर्न रोक लगाइने छ।

१०.७.७नगरपालिकास्तरीय शैक्षिक क्यालेन्डर बनाई सवै विद्यालयमा लागु गरिनेछ।

१०.७.८ सिकाइ कार्यलाई प्रभावकारी बनाउन प्रयोगात्मक तथा एबचभलतष्लन जस्ता शिक्षण बिधिहरूलाई अवलम्बन गर्ने व्यवस्था मिलाइने छ।

विद्यालय व्यवस्थापन समितिहरूको क्षमता बिकासका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अघि बढाइने छ।

विद्यालय सुधार योजनाको आधारमा विद्यालयहरूलाई अनुदानको व्यवस्था गरी

गुणात्मक प्रतिस्पर्धा गराउने व्यवस्था मिलाइने छ ।

१०. धार्मिक विद्यायलहरुलाई जस्तै मदरसा सुधार योजना बनाउन सहयोगका साथै कार्यन्वयन गर्नको लागि प्रोत्सहान गरिने छ

१०। विद्यार्थीहरुको प्रत्येक विद्यालयमा क्लबहरु गठन गरी विद्यार्थीहरुलाई अतिरिक्त शैक्षिक, सामाजिक कृयाकलापहरुमा संलग्न गरिने छ ।

## ११ नीति कार्यान्वयनको जिम्मेवारी

राष्ट्रिय शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका विषयहरूका साथै प्रदेश र स्थानीय तहले थप रणनीति र कार्यनीतिहरू आ-आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । संघीय ढाँचामा नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछ :

**११.१ नगरपालिकाको जिम्मेवारी:** यो शिक्षा नीति नगरपालिकाको नेतृत्वमा कार्यान्वयन हुनेछ । नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा यस नीतिअनुरूपका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिनेछ । नीतिको कार्यान्वयन गर्ने, अनुगमन तथा मूल्यांकन गर्ने र सो मूल्यांकनको आधारमा यस नीतिको परिमार्जन गर्ने जिम्मेवारी नगरपालिकाको रहनेछ। यस नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्न, बजेट व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकार र विकास साझेदारसँग समन्वय तथा सहकार्य गर्ने जिम्मेवारीसमेत नगरपालिकामा रहनेछ ।

**११.२ प्रदेश सरकारको जिम्मेवारी:** नगरपालिकाको समन्वयमा प्रदेश सरकारको प्राथमिकता, नीति तथा कार्यक्रमसँग मिल्ने कियाकलापहरूमा समन्वय र सहकार्य गर्ने तथा प्रदेश सरकारको प्राथमिकताका शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक नीति निर्माणको कार्य प्रदेश सरकारको हुनेछ ।

**११.३ संघीय सरकारको जिम्मेवारी:** १५ औं राष्ट्रिय योजना, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति कार्यक्रमसँग समन्वय र सहकार्य गर्दै स्थानीय शिक्षा नीति कार्यान्वयनका लागि अनुदान तथा साझेदारी गर्ने जिम्मेवारी संघीय सरकारसँग रहनेछ ।

**११.४ विकास साझेदारहरूको भूमिका:** विकास साझेदार संघसंस्थालेनगर शिक्षा

नीतिअनुसार कार्यक्रम प्रस्तुत गर्ने, स्रोत साझेदारी गर्ने र नगरपालिकालाई शिक्षा नीति कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्न सक्नेछन् ।

## १२ संस्थागत व्यवस्था

यो शिक्षा नीति कार्यान्वयन गर्ने मुख्य संस्था हरिपुर्वा नगरपालिका हुनेछ। व्यवस्थापकीय, कार्यकारी तथा नियमनकारी जिम्मेवारी नगरपालिकाको रहनेछ। नगरपालिकाअन्तर्गत रहने शिक्षा शाखा नगरपालिकाका तर्फबाट प्रत्यक्ष उत्तरदायी तथा जिम्मेवार निकायरहनेछ। शिक्षा शाखाको समन्वयमा विकास साझेदारहरू आफ्नै संरचनासहित सहकार्य गर्न सक्नेछन् ।

## १३ कानुनी व्यवास्था

यस शिक्षा नीतिलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न नगरपालिकाले नगर शिक्षा ऐन बनाई जारी गर्नेछ भने यसमा उल्लेख भएका कतिपय व्यवस्थाहरूका लागि आवश्यकताअनुसार निर्देशिका तथा कार्यविधि बनाई जारी गर्न सक्नेछ ।

## १४ अनुगमन तथा मूल्याङ्कन

नगर प्रमुख यस नीतिको संरक्षक तथा कार्यान्वयनप्रति उत्तरदायी रहनेछन् भने, नगर उपप्रमुखको नेतृत्वमा रहने अनुगमन तथा मूल्याङ्कन समितिले यो नीति कार्यान्वयन भए नभएको विषयको अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेस गर्नेछ। कार्यक्रम तथा क्रियाकलापहरूको सुपरिवेक्षण तथा अनुगमन गर्न अनुगमन समितिले प्राविधिक टोली गठन गर्न सक्नेछ।